स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सौगात मल्ल र सृष्टि श्रेष्ठ लामो समयपछि पर्दामा एकसाथ फर्किँदैछन्। यी दुईजनाको सम्बन्ध सम्भावित विवाहसम्म पुगेको थियो। झन्डै ७ वर्ष यी दुईजना रिलेसनसिपमा बसे। ब्रेकअपपछि यी दुईबीच पर्दामा सहकार्य समेत भएन। पछिल्लो समय यी दुईबीच प्याचअप भएको चर्चा छ। यस्तोमा, यी दुईजनाको शीर्ष भूमिका रहेको फिल्म 'भाइरल गोर्खे' प्रदर्शन तयारीमा छ।

आजको विचार...



छिमेकी...
(दुई पेजमा)

दुर्गा प्रसाद अर्याल



अभिनेत्री नीति शाहले 'कोशेढुंगा', फिल्म करिअर, विवाह समारोहबारे गफगाफ गरिन्। 'कोशेढुंगा'मा निलिमा पात्रको रोलमा देखिएकी उनले यसका लागि भैंसी, बाख्रालाई खुवाइन्, दूध दोइन, घाँस काटिन्। सहरमा जन्मिएकी नीतिको लागि गाउँले जीवनको यो अनुभव नयाँ थियो। 'मेरो लागि यो रोल चुनौतिपूर्ण, रोचक र राम्रो अवसर पनि थियो' उनले भनिन्, 'निलिमा निकै रोचक पात्र, गोठमा काम गर्नुपर्‍यो। भैंसी बाख्राहरुसँग खाना दिनुपर्‍यो।

❑ वर्ष ३१ अंक १६४ ❑ २०८२ पुस २६ गते शनिबार 10 January 2026, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### इजरायली आक्रमणमा १३ को मृत्यु

(रासस/एएफपी)

**गाजा,** पुस २५/युद्धविरामको बावजुद गाजामा भएको इजरायली आक्रमणमा पाँच बालबालिका सहित कम्तिमा १३ जनाको ज्यान गएको गाजाको नागरिक सुरक्षा एजेन्सीले बताएको छ । एजेन्सीका प्रवक्ता महमुद बासलाई उदृत गर्दै एएफपीले दक्षिणी गाजामा विस्थापित मानिसहरूको शिविरमा ड्रोन प्रहार गर्दा तीन बालकसहित चार जनाको मृत्यु भएको जनाएको छ । गाजा पट्टीको उत्तरमा, जबालिया शरणार्थी शिविर नजिकै एक जना र एक विद्यालयमा भएको आक्रमणमा एक जना र दक्षिण खान युनूस नजिकै भएकोको ड्रोन आक्रमणले एक व्यक्तिको ज्यान लिएको एजेन्सिले जनाएको छ । हमास प्राधिकरणअन्तर्गत सञ्चालन गर्ने एजेन्सीले अन्य आक्रमणमा एक बालकसहित दुई जना गाजानहरुको मृत्यु भएको जनाएको छ । बिहीबार गाजा सहरको पूर्वी क्षेत्रको एक घरलाई लक्षित गरी गरिएको इजरायली हवाई आक्रमणमा थप चार जनाको मृत्यु भएको उल्लेख गर्दै बासलले बेपत्ता भएका धेरै मानिसहरूको खोजी तथा उद्धार कार्य सुरु भएको जनाएका छन् ।

## पहिरोले उजाडिएको बिसौना

# पीडितले पाए डेढ दशकपछि लालपुर्जा

हाम्रा संवाददाता/रासस

**गुल्मी,** पुस २५/पहिरोले पटक-पटक जीवन र बस्ती लुटेको मुसिकोट नगरपालिका-१ बिसौनाका पीडित परिवारले डेढ दशकपछि बल्ल लालपूर्जा पाएका छन् । बिसौनाबाट विस्थापित १५ घरपरिवारले बस्ती स्थानान्तरणका लागि थामडाँडामा खरिद गरिएको जग्गाको जग्गाधनी प्रमाणपत्र पाएका हुन् ।

बिसौनाको पहिरो इतिहास दर्दनाक छ । विसं २०६४ र २०८१ मा गएको पहिरोले एउटै बस्तीबाट १० जनाको ज्यान लिएको थियो । पहिरोले घर च्याप्दा चोकबहादुर विकका आमा रुन्नती विक, श्रीमती अमृता विक तथा छोरा कृष्ण र सुरजको अकालमै ज्यान गएको थियो । पहिरोको त्रासबाट बच्न छिमेकीको घरमा ओत खोज्न आएका डल्ली विक र मुना विकले समेत पहिरोमै परेर ज्यान गुमाउनु पर्‍यो । "त्यो दिन म भारतमा थिएँ, यहाँ भएको भए सायद आज म पनि उनीहरुसँगै मर्ने रहेछु",




चोकबहादुर विक विगतको उक्त दर्दनाक घटना सम्झँदै भन्छन् । भारतबाट फर्किएपछि उनी बिसौना छाडेर थाममा बसाइँ सरे । तर नियतिले फेरि पीडा थप्यो । विसं २०८१ साउन २२ गते बिसौनामै पुन: पहिरो जाँदा पहिलेको पहिरोमा बाँचेकै उनका आफन्त चार जनाले ज्यान गुमाउनुपरेको थियो । लगातारको जोखिमपछि बिसौनाका १५ परिवार गत वर्षदेखि गाउँ छाडेर थाममा अस्थायी रूपमा बसोबास गर्दै आएका थिए ।अहिले नगरपालिका र लाभग्राहीको ५०/५० प्रतिशत लागत साझेदारीमा थामडाँडा नजिकै नौ रोपनी १५ आना जग्गा खरिद गरिएको छ । नगरपालिकाका प्रमुख जीवलाल खरेलले पीडितलाई सुरक्षित जमिनको मालिक बनाउन मात्र डेढ वर्ष लागेको बताए । "नजिकको स्थानीय सरकार भएकाले पीडामा आँसु पुच्छ्न आएका थियौं, लामो समयको पखाइपछि भर्खर सुरक्षित ठाउँमा जग्गा पाएका छौं, अब उनीहरुको घर निर्माणका लागि सै र प्रदेश सरकारसँग समन्वय र पहल भइरहेको छ", उनले भने । जग्गाको कित्ताअनुसार लाभग्राहीले एक लाखदेखि एक लाख ५० हजारसम्म बुझाएका छन् । लाभग्राही र नगरपालिकाको संयुक्त लगानीमा करिब रु ३५ लाखमा जग्गा खरिद गरिएको नगर उपप्रमुख गङ्गा श्रेष्ठले जानकारी दिइन् । श्रेष्ठका अनुसार विस्थापित परिवारका लागि नगरपालिकाले गत वर्षदेखि भाडाको व्यवस्था गर्दै आएको छ । लालपुर्जा पाएसँगै पीडितलाई अब चाँडै घरको आवश्यकता छ । पहिरो पीडित फुलमती विकको पाँच जनाको परिवार अरूको घरमा बसेको डेढ वर्ष भयो । बास एकातिर, बारी अर्कोतिर हुँदा आफूहरुलाई धेरै समस्या परेको उनले गुनासो गरिन् । जग्गाका लागि ऋण खोजेर पैसा बुझाए पनि अब घर कसले बनाइदेला भन्ने आशमा पीडित परिवार छन् । भिरालो र कच्ची जमिनका कारण पटक-पटक बसाइँ सर्नुपरेको बिसौनामा २० देखि २२ घर जोखिमा भए पनि हाल १५ घरका लागि मात्रै जग्गा व्यवस्थापन गरिएको वडाध्यक्ष आनन्द श्रेष्ठले जानकारी दिए । जिल्लाका अधिकांश दलित बस्ती भिरालो र जोखिमयुक्त भूभागमा रहेकाले पहिरोको खतरा अझै ठूलो रहेको स्थानीयको चिन्ता छ । लालपुर्जासँगै सुरक्षित बास र स्थायी जीवनको आशा पलाए पनि, थामडाँडामा विस्थापितका लागि घर निर्माण र जीविकोपार्जन अझै चुनौतीकै विषय बनेको बताइएको छ ।

## रायमाझीको निवेदनमा उच्चले मगायो कैफियत प्रतिवेदन



**पाल्पा,** पुस २५/टोपबहादुर रायमाझीको थुनामुक्तको निवेदनमा उच्च अदालत पाटनले कैफियत प्रतिवेदन झिकाउने आदेश दिएको छ । भुटानी शरणार्थी प्रकरणमा थुनमा रहेका रायमाझीले जिल्ला अदालत काठमाडौंको आदेश बदरको माग गर्दै उच्चमा निवेदन दिएका थिए ।

उक्त निवेदनमाथि प्रारम्भिक सुनुवाइ गर्दै उच्च अदालतका न्यायाधीश गोपाल प्रसाद बास्तोलाले कारागार पठाउने जिल्ला अदालतको आदेशको कैफियत प्रतिवेदन झिकाउन आदेश दिएको हो । नक्कली भुटानी शरणार्थी प्रकरणमा जिल्ला अदालतले १ असार २०८० मा पुर्पक्षका लागि कारागार पठाउने आदेश दिएको थियो । यसअघि पुस ११ गते जिल्ला अदालत काठमाडौंमा रायमाझीले थुनामुक्तको निवेदन दिएका थिए । तर, जिल्ला अदालतले मागबमोजिम नहुने आदेश दिएपछि उनी उच्च अदालत पुगेका हुन् ।

## विशेष महाधिवेशनमा भाग लिन पाल्पा काँग्रेसको आह्वान

### महत्वपूर्ण नीतिगत संकल्प प्रस्तावहरू पेश गर्ने

**पाल्पा,** पुस २५/नेपाली काँग्रेस पाल्पाले पार्टीको ऐतिहासिक विशेष महाधिवेशनमा भाग लिन सबैलाई आह्वान गरेको छ । जिल्ला सभापति हिमालदत्त श्रेष्ठले एक विज्ञप्ति जारी गरी विधानको व्यवस्थाबमोजिम विशेष महाधिवेशन आह्वान भएकाले उक्त महाधिवेशनमा भाग लिन सबैलाई आह्वान गरेका हुन् ।

सभापति श्रेष्ठले गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपश्चात् मुलुकमा संवैधानिक शून्यता भएको भन्दै यसको रक्षाका लागि कांग्रेस अग्रमोर्चामा उभिनुपर्ने बताए । नेपाली कांग्रेसको विधान २०७८, नेपालको संविधान २०७२ र राजनीतिक दलसम्बन्धी ऐन २०७३ को लोकतान्त्रिक मर्म बमोजिम ५४




दशामलव ५८ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूको विधिवत मागलाई सम्बोधन गर्दै २०८२ पौष २७ र २८ गते काठमाडौंको भृकुटीमण्डपमा आयोजना हुन गइरहेको विशेष महाधिवेशन नेपाली कांग्रेसको भविष्य निर्धारण गर्ने निर्णायक मोड भएको विज्ञप्तिमा उल्लेख छ ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## राष्ट्रिय सभाको गरिमा जोगाऊ

आउँदो माघ ११ गते राष्ट्रिय सभाको निर्वाचन हुँदै छ । रिक्त १८ सिटका लागि हुने निर्वाचनका लागि उम्मेदवारी दर्ता भएको छ । जसका लागि ४४ जनाको उम्मेदवारी परेको छ । आगामी फागुन २० गतेसम्म पदावधि रहेका १९ जना सांसद बिदा हुँदै छन् । राष्ट्रिय सभा अर्थात् माथिल्लो सदनलाई स्थायी सदन र बौद्धिक सभाका रुपमा लिइन्छ । यो स्थायी प्रकृतिको व्यवस्थापकीय अङ्ग हो । यसमा प्रदेशहरूको न्यायोचित प्रतिनिधित्व हुन्छ । यसले व्यस्थापकीय शक्ति सन्तुलन तथा कार्यकौशलता र प्रभावकारिताको सन्तुलनलाई सम्बोधन गर्छ ।

तल्लो सदन प्रतिनिधिसभाबाट भएका त्रुटि सच्याउने र तल्लो सदन रिक्त हुने अवस्थामा सरकारलाई जवाफदेही बनाउने सदन राष्ट्रिय सभा नै हो । तर, पछिल्लो समय नेपालमा दलहरूको सत्ता स्वार्थका कारण राष्ट्रिय सभा सविधानको मर्मअनुसार चल्न सकेको छैन । राष्ट्रिय सभाको प्रमुख कार्य कानुन बनाउने, सरकारलाई उत्तरदायी बनाउने, नियमन र निर्देशन गर्ने हो । तर सभा त्यसो हुन नसक्नु दुखद् हो । सधैँ किचलो भइरहने मर्यादाको विषयलाई राष्ट्रिय सभाले भुल्ने गरेको छ । यसो हुनु राम्रो होइन । माघ ११ गते हुने निर्वाचनबाट निर्वाचित भएर आउने व्यक्तिले सभाको गरिमालाई उचाईमा पुऱ्याउन आवश्यक छ । व्यक्ति जुनसुकै पार्टीको भएपनि होस् । तर सभाको गरिमालाई जोगाई राख्ने र त्यसलाई थप उचाईमा पुऱ्याउने व्यक्ति अहिलेको आवश्यकता हो । राष्ट्रिय सभामा जाने व्यक्तिका लागि गुमेको गरिमा फर्काउने अवसर पनि हो । सभालाई सार्थक बहसको थलो बनाउनेदेखि सरकारलाई जवाफदेही बनाउन प्रभावकारी भूमिका खेल्ने र खस्किएको गरिमा उकास्न ध्यान दिन सक्ने व्यक्ति राष्ट्रिय सभामा जानुपर्छ । मुलुकको नीति निर्माणमा मुलुकवासी सबैको प्रतिनिधित्वको परिकल्पना राष्ट्रिय सभामा गरिएको छ । यसर्थ सोही अनुसार यसको गरिमा बढाउन सबैको सहयोग र समर्थन जरुरी छ ।

### Opinion @ Socia Network

कुनै बेला "म तिम्रो दुनियाँ हुँ" भन्ने मान्छेले एउटा यस्तो दुनिया बनायो जसमा म बाहेक सबथोक अटाएको छ

*(प्रकाश ज्ञवालीको **फेसबुक स्टाटसबाट** www.facebook.com/Parkash.111)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# छिमेकी देशबाट सिकौं सबल अर्थतन्त्र बनाउने कुरा



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

*देशमा राजनीतिक परिवर्तन हुँदा, राजनीतिक चलखेलका कारण सत्ता र सरकारबाट अप्रत्यासित बाहिरीनु पर्दा सरकार परिवर्तन हुँदा, देश संकट अवस्थामा हुँदा सकरात्मक तथा नकरात्मक रुपमा भारत र चीन तिर औलो तेर्साउने हाम्रा राजनीतिक नेतृत्वको व्यबहारमा अब परिवर्तन हुनुपर्दछ । हाम्रा दुई छिमेकी देशहरु चीन र भारतलाई राजनीतिक लाभका लागि होईन देश विकास र आर्थिक विस्तारको कोशेढुङगाको रुपमा अब प्रयोग गर्नु पर्दछ । राजनीतिक स्वार्थ र एक अर्कालाई हिलो छ्याप्ने काममानै दशको अबधि बेथित गरेको नमिठो इतिहास हामी अब बनाउनु हुँदैन् । हाम्रा महत्वपूर्ण वर्षहरु व्यवस्था परिवर्तन, संविधान निर्माण, निर्वाचन, सरकार बनाउँदा र ढाल्दामानै बेथित अब गर्नु हुदैन् । अब देश विकास, जनताको जीवनस्तर सुधार, समृद्धि र आर्थिक वृद्धिलाई मुख्य नारा बनाई दुवै देशबाट पारस्परिक लाभ लिनेतर्फ अगाडि बढ्नु आजको आवश्यकता हो । अब राजनीतिक उपदेश लिन, सत्तामा पुग्न र ढाल्नका लागि दिल्ली बैइजिङ हैन् देश विकासका खाका लिन पुग्नु पर्दछ ।*

दुई ठूला अर्थतन्त्र भएका छिमेकी देश चीन र भारतले विश्वमा आफूलाई दोस्रो र चौथो स्थानमा उभ्याई रहँदा हामी भने दुई ढुङ्गा बीचको तरुल हो भन्दै त्यसबाट लिन सकिने फाईदाका बारेमा बेखवर जस्तै छौं । देश विकासको नाममा अरवौ ऋण तथा अनुदान थप्न तम्सिने देश सञ्चालनहरु यो अवसरको फाईदा लिदै अर्थतन्त्रलाई समय अनुकुल सुदृढ गर्न खोजेको पनि देखिदैन् । पार्टी भित्र विवाद हुँदा ,सत्ता स्वार्थमा रुमलिदा दिल्ली र बेइजिङ धाउन तम्सनेहरु देश विकासको विधि त्यतैबाट ल्याउन ,नेपालमा प्रयोग गर्ने कुरामा खासै ध्यान दिन नसकेको विगत र वर्तमान हामी सामु रहेको छ । उनीहरुलाई देश भन्दा माथि आफ्नो राजनीतिक दल, जनता भन्दा माथि आफ्ना कार्यकर्ताको हितमा समय बेथित गर्दा गर्दै फुर्सद छैन् भन्दा खासै फरक पर्ने देखिदैन् । दुई ठूला अर्थतन्त्र भएका देशहरुबाट परस्पर लाभ ,अवसर तथा तरीकाहरु लिदै नेपालको अर्थतन्त्रलाई अगाडि बढाउन सकिने सम्भावना हुँदा हुँदै पनि यसो गर्न नसक्दा नेपालको अर्थतन्त्रले समय अनुशारको गति लिन सकेको देखिदैन् ।

सन्तुलित कुटनीति ,स्पष्ट आर्थिक नीति र सुशान कायम गर्न सकेकमा देशले दुई ठूला अर्थतन्त्र भएका देशबाट लाभ लिन सक्ने प्रसस्त सम्भावना देखिन्छ । यहाँ चीनको अर्थतन्त्र, भारतको अर्थतन्त्र, नेपालले लिन सक्ने लाभ र यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**चीन र यसको अर्थतन्त्र :**
विश्वको कारखाना भनेर चिनिने छिमेकी राष्ट्र चीनको अर्थतन्त्रमा कुल ग्राहस्थ उत्पादन २० दशमलव ८ ट्रिलियन अमेरिकी डलर ,आर्थिक वृद्धिदर ७ प्रतिशत र प्रतिव्यक्ति आय करीव १३ हजार ९ सय डलर रहेको छ । चीनले तीव्र रुपमा बढाउँदै लगेको आर्थिक गतिविधिले विश्वका देशहरुलाई आश्चर्यजनक र सोच मग्न बनाएको छ । विशवकै शक्तिशालि देश अमेरिकाको चीनसँग करीव २० प्रतिशत व्यापार घाटा छ भन्ने गरिन्छ । जेसुकै भए पनि १४० करोड जनसंख्याकाबिच विकास गरिएका प्रविधि, सस्तो श्रम क्षमता र कम लागतमा गरिएको उत्पादनका कारण चीनको उत्पादनले विश्व बजारमा प्रभाव पारी रहेको छ । हरेक क्षेत्रमा आधुनिकता, वैज्ञानिक विधि र निरन्तर योगदान चीनको सफलताका पक्षहरु हुन् । चीनले इलोक्ट्रोनिक सामान, कपडा ,अटोमोबाईलस,मेसनरी सामान, कृषि क्षेत्रमा गरिएको तिव्र आधुनिकीकरण र रुपान्तरण सफलताका पक्षहरु हुन् । **चीनको अर्थतन्त्र विश्वकै दोस्रो हुनुका केहि मुख्य पक्षहरुमा :**

-विशाल श्रमशक्ति र यसको प्रयोग गर्न सक्नु ।
- न्यून लागतमा बस्तु तथा सेवाको उत्पादन ।
- सस्तो श्रमशक्ति ।
- सस्तो र गुणस्तरीय बस्तु उत्पादन ।
- विद्युतीय सामानको प्रमुख निर्यात कर्ता ।
-निर्यातमुखी अर्थतन्त्र ।
-आधुनिक र व्यवसायिक कृषि क्षेत्र ।
- नवप्रर्वनमा तिव्रता ।
-राज्य नियन्त्रित समाजवादी अर्थतन्त्रको असल अभ्यास ।
- विदेशी प्रत्यक्ष लगानीमा तिव्रता ।
-पूर्वाधारको अकल्पनीय तीव्र विकास ।
- ठूलो आन्तरिक बजार ।
-प्रविधियुक्त व्यवहारिक शिक्षा ।
-राजनीतिक स्थिरता ।
-नीतिगत निरन्तरता ।
- अनुकुल भौगोलिक स्थिती ।

**भारत र यसको अर्थतन्त्र :** विशाल भौगोलिक विविधता भएको अर्को ठूलो छिमेकी देश भारतको अर्थतन्त्र जापानलाई उछिन्दै विश्वमै चौथो स्थानमा पुगेको छ । मिश्रित अर्थ प्रणाली अबलम्वन गरेको भारत भूगोलमा मात्रै होइन जनसंख्यामा पनि विश्वमै अग्र स्थानमा आउने गर्दछ । भारतको पछिल्लो कुल ग्राहस्थ उत्पादन भा रु ३ दशमलव ६ लाख करोड ,आर्थिक वृद्धि दर ६ दशमलव ६ प्रतिशत र प्रतिव्यक्ति आय २,३९६ डलर रहेको छ । करीब १ दशमलव ४ अर्ब जनसंख्या रहेको भारत श्रमशक्तिमा पनि अग्रस्थानमा रहेको छ ।

**भारतको अर्थतन्त्र मजबुद हुँदै विश्वकै चौथो स्थानमा आउनुका केहि मूख्य पक्षहरुमा :**

-ठूलो श्रमशक्ति ।
- ठूलो आन्तरिक बजार ।
-सेवा क्षेत्रमा तिव्र सुधार तथा विस्तार ।
-ठूलो कृर्षिजन्य उत्पादन् र कृर्षि क्षेत्रमा आत्मनिर्भर ।
-तिव्र औद्योगिकीकरण ।
-बहुराष्ट्रिय कम्पनीहरुको आर्कषण ।
-प्रविधिको क्षेत्रमा ठूलो लगानी ।
-आर्थिक उदारीकरणको नीति ।
- :बपभ ष्ल ष्लमष्ब को अभियान ।
-नीतिगत सुधार तथा आर्थिक स्थिरता ।
-निर्यातमा विविधिकरणको नीति ।
-पूर्वाधारको तिव्र विस्तार ।
-अनुकुल भौगोलिक स्थिती ।

**दुई ठूला अर्थतन्त्रबाट नेपालले लिन सक्ने लाभ :** चीन र भारत दुई ठूला अर्थतन्त्र भएका देशहरुबाट सन्तुलित सम्वन्ध विस्तार गर्दै नेपालले महत्वपूर्ण लाभ लिन सक्ने कुरामा दुई मत रहदैन् । स्पष्ट नीति र सन्तुलित सम्वन्ध कायम गर्न सकेमा नेपालले दुवै देशबाट धेरै अबसरहरु लिन सक्ने देखिन्छ । चीन र भारतको अर्थतन्त्रबाट **नेपालले लिन सक्ने केहि मुख्य लाभहरुमा :**

-नेपाली कृषि ,जडिबुटी ,हस्तकला र परम्परागत सामानका लागि बजार विस्तार ।
-दुई देशमा व्यापार विस्तार मार्फत आयात ।
-दुई देशका लगानीकर्तालाई भित्र्याउन सकिने ।
-पूर्वाधार विस्तारमा सहयोग ।
- पर्यटन क्षेत्रको प्रवर्द्धन गर्न सकिने ।
-उर्जा निर्यातको सम्भावना ।
-नेपाली श्रमीकको लागि ठूलो अबसर सिर्जना गर्न सकिने ।
-नेपालको भूमि भारत र चीनको व्यापारका लागि सेतु बन्नसक्ने ।
-दुवै देशबाट आर्थिक सुधारका विधि अनुकरण गर्न सकिने ।
- प्राकृतीक स्रोत साधनको प्रयोग नीति बनाउन सकिने ।
-नेपाल-भारत खुला सिमानाको व्यापारीक लाभका लागि प्रयोग गर्न सकिने ।

**सबल अर्थतन्त्रका लागि नेपालले दुई देशबाट सिक्नु पर्ने पक्षहरु :**

-राजनीतीक स्थिरता, स्थिर सरकार हुनुपर्ने ।
-आर्थिक नीति स्थिर हुनुपर्ने ।
- वैदेशिक लगानी नीति सहज र सरल हुनुपर्ने ।
-व्यापारीक नीतिमा स्थिरता ।
-छिमेकी दुई देश बीचको सम्वन्ध सन्तुलित हुनुपर्ने ।
-आत्मनिर्भर कृर्षि क्षेत्रको खोजी गर्नु पर्ने ।
-प्राकृतिक स्रोत साधनको प्रयोग नीति ।
-प्रशासनिक अप्ठयाराहरुको अन्त्य ।
-लगानीमैत्री बातावरण बनाउनु पर्ने ।
- निजी क्षेत्रलाई विकासको साझेदारको रुपमा अगाडि बढाउने ।
- मानव संशाधन विकासमा जोड दिनुपर्ने ।
-पूर्वाधारको विकासमा तीव्रता दिनुपर्ने ।
-घरेलु, साना तथा परम्परागत उद्योगलाई प्राथमिकतामा राख्नुपर्ने ।
- आयात-निर्यात व्यापारलाई संन्तुलित बनाउनु पर्ने ।

**निष्कर्ष :**देशमा राजनीतिक परिवर्तन हुँदा, राजनीतिक चलखेलका कारण सत्ता र सरकारबाट अप्रत्यासित बाहिरीनु पर्दा सरकार परिवर्तन हुँदा, देश संकट अवस्थामा हुँदा सकरात्मक तथा नकरात्मक रुपमा भारत र चीन तिर औलो तेर्साउने हाम्रा राजनीतिक नेतृत्वको व्यबहारमा अब परिवर्तन हुनुपर्दछ । हाम्रा दुई छिमेकी देशहरु चीन र भारतलाई राजनीतिक लाभका लागि होईन देश विकास र आर्थिक विस्तारको कोशेढुङगाको रुपमा अब प्रयोग गर्नु पर्दछ । राजनीतिक स्वार्थ र एक अर्कालाई हिलो छ्याप्ने काममानै दशको अबधि बेथित गरेको नमिठो इतिहास हामी अब बनाउनु हुँदैन् । हाम्रा महत्वपूर्ण वर्षहरु व्यवस्था परिवर्तन, संविधान निर्माण, निर्वाचन, सरकार बनाउँदा र ढाल्दामानै बेथित अब गर्नु हुदैन् । अब देश विकास, जनताको जीवनस्तर सुधार, समृद्धि र आर्थिक वृद्धिलाई मुख्य नारा बनाई दुवै देशबाट पारस्परिक लाभ लिनेतर्फ अगाडि बढ्नु आजको आवश्यकता हो । अब राजनीतिक उपदेश लिन, सत्तामा पुग्न र ढाल्नका लागि दिल्ली बैइजिङ हैन् देश विकासका खाका लिन पुग्नु पर्दछ । यसो गर्न सकेमा सबैको भलाई हुने देखिन्छ । ***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफूलाई कमजोर भएको अनुभूति हुनेछ । मन खिन्न हुने स्थिति आउनेछ । | **तुला** : लाभदायक यात्रा रहला । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । |
| **वृष** : चिताएको कामले तीव्रता लिनेछ । कला, साहित्यमा रुचि बढ्नेछ । | **वृश्चिक** : कार्यमा सफलता मिल्नेछ । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । |
| **मिथुन** : जमघटमा मन रमाउनेछ । धर्म तथा समाजसेवामा मन लाग्नेछ । | **धनु** : शुभकार्यको चर्चा चल्नेछ । रमणीय र सुखद यात्राको योग छ । |
| **कर्कट** : यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला । | **मकर** : महत्वपूर्ण कामको थालनी हुनेछ । समाजसेवामा मन लाग्नेछ । |
| **सिंह** : स्वास्थ्यमा समस्या आउनेछ । सहकर्मीबाट विरोध आउला । | **कुम्भ** : वाक्चतुर्याईले सङ्कल्प सिद्ध हुनेछ । साथीभाईसंग समय बित्नेछ । |
| **कन्या** : जोश जाँगर र उमंग बढ्ला । आर्थिक कारोवारमा सफलता पाइएला । | **मीन** : रोजगारको अवसर मिलनेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । |

साहित्य दर्पण

निबन्ध — आचार्य प्रभा

# नाइ म त नेपाल जान्न त्यहाँ त बन्दुक हान्छ

> *'नानी तिमी नेपाल कहिले जाने ? यहा राम्रो लाग्यो कि नेपाल राम्रो लाग्यो ? यहा मन पर्‍यो कि नेपाल भन्दा ' उस्ले एकै वाक्यमा हठातको साथ जवाफ दिई 'नाइ म त नेपाल जान्न त्यहा त बन्दुक हान्छ, जहिल्यै मान्छे मार्छ ,मलाई त नेपाल मन पर्दैन भनी। गोली बारूदको आवाजले बित्रिष्णा जागेको रहेछ र अली अली कापेको आवाजमा उस्ले भनी 'अनी नेपालमा त बन्दुक हान्छ नि त त्यसैले मलाई नेपाल मन पर्दैन भनी त्यो बालिकाको मनोबैज्ञानीक भाव बुझ्रेर म अनुत्तरीत बने हुन पनि त हो हाम्रो देशमा नसोचेको आधी, हुरी आयो जस्ले गर्दा सबैको मनमा डर र त्रास, भयले डेरा जमायो। आकाशमा चम्कने बिजुली चट्याङ बनेर धर्तिमा पल पल मा नै खस्न थाल्यो त्यसैले पनि सबैको मनमस्तिष्क,दिमागमा त्यही आवाजहरु गुन्जिन थाले भने त्यस्ता अबोध बाअलकहरुका दिमागमा किन असर नपरोस ?*

मान्छेका आ -आफ्नै मन पर्ने कुराहरु हुन्छन ती मध्ये कसैलाई कुकुर, बिरालो, फूल, बुढा, बुढी, केटा, केटी मन पर्छ। मलाई पनि यी मध्येमा फूल र केटा, केटी असाध्य मन पर्छ। बुढा,बुढी, केटा, केटी मन पराउनु भनेको कर्तब्यभित्रको कुरा पनि आउछ र भनिन्छ पनि केटा, केटी, फूल, बुढा, बुढी, फूल र गीत, सङ्गीत मन नपराउने मान्छे शायद असाधारण मान्छे नै मानिन्छन अर्थात यस्ता मान्छेहरु कठोर स्वभावका हुन्छन। मलाई गीत ,सङ्गीत मन पर्छ त र केटा ,केटा ,बुढा,बुढी ,फूल मन पराउनु भनेको इक्षाद्वारा होइन त्यो प्रक्रीतिले नै भित्रैबाट दिएको आत्मिक शक्ती हो। त्यो जबर्जस्ती इेछ्या बनाएर थोपरिएको होइन त्यो त भित्री अन्तस्करणबाट नै मन कोमल बनेर ती कुराहरुमा आक्रीष्ट भएको हो जस्लाई इेछ्या भनेर जबर्जस्ती नक्कली माया दिन सकिन्न । यस्तै मन पर्ने भित्री फदयबाट नै उक्त कुरा देखेपछी मन प्रफुल्ल हुने मध्येमा मेरो निम्ती बच्चाहरु हुन जुन चाहे जन्मकै दिनदेखी होस् वा हुर्किएर बल्ल तोते बोली बोल्दै गरेको होस् । यस्ता बच्चा हरु मलाई असाध्य मन पर्छ, माया लाग्छ म उनिहरुसँग घण्टौ घण्ट सम्म पनि आफुलाई हराउन सक्छु। उनिहरुको तोते बोलिमा नै म संसारको रमाइलोपन पाउछु हुन त मेरा पनि तीन छोरीहरु छन जुन जवान भैसके ता पनि मलाई बच्चाहरु प्रतिको मोहले अझसम्म छाडेको छैन। यसरी बच्चाहरु मन पराउने क्रममा म धेरै बच्चाहरुप्रती आक्रीष्ट मात्र होइन मोहित भएकी छु र मेरो अन्तर्मनबाट नै तिनिहरुको भेटले मलाई खुशी छरिदिएको आभाष पाएक्छिु हुनत यहाँ मैले 'बच्चा' भनेर मान्छेको जातलाई जनावरसँग तुलना गरे जस्तो भान भएको छ तर सामान्य बोलिमा आजकल 'छोरा छोरी' भन्ने भन्दा बच्चाहरु भन्ने चलन नै चल्ती भएकोले यस्मा म क्षमा प्रार्थी छु । हुनत केटा केटी भन्दा पनि हुनेथ्यो तर केटा केटी भन्नाले पनि त जवान पुलिङ केटा र जवान स्त्रीलिङी केटी अर्थात तरुण - तरुणी जोडी को अर्थ पहिल्याउला भन्न सकिन्न त्यसैले मलाई 'बच्चा' भन्न नै उचित लाग्यो तर मेरो 'बच्चा' भन्नै पर्छ भन्ने ठोकुवा चाँही होइन बाध्यता हो । म बच्चाहरु अर्थात केटा केटी नानीहरु प्रतिको मेरो आकर्षण र मनपराइको बारेमा बोलिरहेकी थिएँ यथार्थमा म सँग त्यस्ता धेरै घट्नाहरु छन मैले नानीहरु मन पराएर मिलनमा रमाएको र बिछोडमा म कमजोड बनेका घट्नाहरु। ती सबै लेख्न असमर्थ छु तर सम्झनामा भने म ती बिछोडीएका बालकहरुको झझल्कोले अझ पनि बिह्वल बनिरहेकी छु। अब बिर्सीदिउँ ती पिछडिएका छायाहरुहरुलाई। होम अमेरिका आएर पनि रेस्टुराँमा काम गर्दा एैटा ग्राहकको 'छोरो' जस्को नाम 'रायन' थियो त्यो बालक प्रती म उत्तिकै आक्रीष्ट थिएँ। ऊ बल्ल तीन चार बर्षमात्र पुगेको थियो । त्यो बालकले उस्का आमा -बाबालाई जबर्जस्ती त्यही रेस्टौरेन्ट लैजा भनेर दिक्क दिन्थ्यो रे त्यसैले हप्ताको दुई पटक उस्लाई त्यो रेस्टुराँमा ल्याइन्थ्यो जब उनिहरु रेस्टुराँभित्र छिर्दथे त्यो बच्चा अनायस आधिहुरी जस्तै भएर मलाई समाउन आइेपुग्थ्यो उस्लाई आमा बाबुको मतलब हुँदैनथ्यो यती सम्म कि खाना खाइ सकेर फर्किसकेपछी पनि रेस्ट्रम जाने बहानाले फेरी आमा ,बाबालाई छुक्याएर रेस्टुराँमै कुदेर आइेपुग्थ्यो। उस्का पछी पछी आमा -बाबा कुदेर लिन आउदथे । यसरी म सँग पनि धेरै जसो बच्चाहरु आक्रीष्ट हुन्छन किन हो ? शायद मेरो मन पराउने इक्षा मात्र भएर होइन कि भित्री आत्माबाट नै मैले पनि उनिहरुलाई रुचाएर होला शायद। यसरी बच्चासङको मिलन बिछोडका क्रममा मेरो भर्खरमात्र डेन्भरमा भानु जयन्तिको साहित्यिक कार्यक्रममा एउटा भाईसँग भेट भएको थियो जो भर्खरमात्र भुटानी रेफुजी अन्तर्गत नेपालको बेल्डाङी शिविर दमक झापा बाट भित्रिएका रहेछन बोलिचालीको क्रममा चिनाजानि भयो म पनि दमककै बासी भएको कारणले ऊ सँग कुराकानी लामो नै भयो। भर्खर अमेरिका भित्रिएको कारणले नौलो अनुभव र एक्लोपन महसुश गरिरहेको बेला मैले बोलिदिदा शायद त्यो भाईलाई म प्रती अलिकती आृनोपनको आभाष भएछ क्यारे घरमा गएर श्रीमती र पाँच बर्षकी छोरीलाई मेरो बारेमा भनेर मेरो फोन नम्बर दिएछन एकदिन अचानक फोन को घण्टी बज्यो। नौलो आवाज आयो मैले चिनिन भने तर ती आमा छोरीले प्रष्ट्याए कि हामीले तपाईंलाई नचिने पनि नाम सुन्यौ। तपाईं प्रभा दिदी हैन ?भनेर आमा चाँहीले के भनिरहेकी थिइन छोरीले फोन खोसेर बोल्न थालिन 'हेल्लो प्रभा आण्टी ' भनेर सम्बोधन गरिन त्यो बालिकाको आवाजबाट नै म यती मुग्ध भएँ कि पाँच बर्षकी बालिकाको कस्तो प्रष्ट बोली ?मैले नाम सोधें 'सुस्मिता' भन्ने जवाफ आयो त्यो फुची यसरी बोल्न थालि कि मानौ उस्को मेरो बर्षौ बर्ष देखीको भेट भएको हो यसरी हाम्रो भेट नभए पनि फोनमा कुराकानी भैरहन्छ म त्यो बालिकाको बोलिबाट अती नै प्रभावित छु निस्छल, निष्कपट वाक्यहरु बोल्छे यसरी फोनमा कुरा गर्ने क्रममा मैले त्यो बचिको इक्षा बुझ्न धेरै कुराहरु सोधें। उस्को निश्छल जवाफहरु मैले सुनिरहेकी थिए किनकी शरणार्थी शिविरको कथा, ब्यथा अभाव मैले शिविरमै गएर देख्ने मौका पाएकिथिए। बच्चाहरु नाङा, भुतुङ्ग कुदिरहेको पनि मैले अवलोकन गरेकिथिए यसै प्रशङमा यहाँ आएर त्यो बालिकाको मानसपट्लमा कस्तो प्रकारको प्रभाव परेको रहेछ त भन्ने आशय बुझ्न मैले उस्लाई प्रश्न गरें । 'नानी तिमी नेपाल कहिले जाने ? यहा राम्रो लाग्यो कि नेपाल राम्रो लाग्यो ? यहा मन पर्‍यो कि नेपाल भन्दा ' उस्ले एकै वाक्यमा हठातको साथ जवाफ दिई 'नाइ म त नेपाल जान्न त्यहा त बन्दुक हान्छ, जहिल्यै मान्छे मार्छ ,मलाई त नेपाल मन पर्दैन भनी। म उस्को वाक्यले मौन बने । मलाई यस्तो लाग्यो कि त्यहाको अभाव, दुख र शारणार्थि हुनुको पीडाले होला उस्लाई नेपाल मन नपरेको भनेर त र उस्को आशय त्यो होइन रहेछ उस्को अबोध सोचाइमा पनि नेपालको त्यो नरसंहार, बिभत्स हत्या हिँशा, गोली बारूदको आवाजले बित्रिष्णा जागेको रहेछ र अली अली कापेको आवाजमा उस्ले भनी 'अनी नेपालमा त बन्दुक हान्छ नि त त्यसैले मलाई नेपाल मन पर्दैन भनी त्यो बालिकाको मनोबैज्ञानीक भाव बुझ्रेर म अनुत्तरीत बने हुन पनि त हो हाम्रो देशमा नसोचेको आधी, हुरी आयो जस्ले गर्दा सबैको मनमा डर र त्रास, भयले डेरा जमायो। जहाँ तही बन्दुक र बारूदको गन्ध मात्र उड्न थाल्यो । आकाशमा चम्कने बिजुली चट्याङ बनेर धर्तिमा पल पल मा नै खस्न थाल्यो त्यसैले पनि सबैको मनमस्तिष्क,दिमागमा त्यही आवाजहरु गुन्जिन थाले भने त्यस्ता अबोध बाअलकहरुका दिमागमा किन असर नपरोस ? यसरी त्यो बालिकाको उत्तरले म अवाक बने । अहो म त आफुलाई मन पर्ने अर्थात प्रीय लाग्ने बस्तुहरु को बारेमा कुरा गरिरहेकी थिए यसै शिलशिलामा देशप्रतिको सोचमा डुब्न पुगेछु कारण उक्त बालिकाको प्रत्युत्तरले। अब मलाई झन त्यो बालिका प्रतिको अद्रीश्य मोहले तानेको छ किनकी त्यसै त मीठो बोली, झन उस्का कुराहरु कत्ती मर्मस्पर्शी अनी सम्बेदनशील ?आज यो लेख डेन्भर आएर नै लेख्दैछु र त्यो बालिकालाई भेट्ने अभिष्ट पनि पालिरहेकी छु। हेरौ सन्जोग कस्तो जुर्ने हो ? शायद मैले उस्लाई साक्षात भेटेर नै मनोभाव बुझ्न सक्षम हुन्छु होला र मेरो आकाक्षा पूरा होला ।

*-समकालीन साहित्य डटकम*

कथा — विष्णु एस राई

# खाजा कसले बनाउने !

"तिमीसँग बिहे गर्नु मेरो जीवनको सबैभन्दा ठुलो गल्ती रहेछ", उनले गुनासो पोखिन् । "अच्छा ! आज १५ वर्षपछि यो कुरो थाहा भयो तिमीलाई, हैन ? बिचरी !" उसले तुरुन्त जवाफ दियो । "कस्ता कस्ता धनी र राम्रा केटाहरू मेरो हात माग्न आएका थिए । कुन्नि के देखेकी होला मैले तिमीमा ?" उनले आफैंलाई भनेजस्तो गरी भनिन् । "भाग्यमानी थिए ती मोराहरू ! उम्किगए । म मूर्ख चाहिँ जालमा परेँ ।" उसले आफ्नो दोष देखाएजस्तो गरी व्यङ्ग्य हाने । "मैले तिमीलाई जालमा पारेँ रे ? फूल कसले पठाउँथे ? मैले ? लामा लामा मेसेजहरू कसले गर्थे ? मैले ? बिहेका लागि प्रस्ताव कसले गरेको थियो, मैले ?" उनले च्यालेन्ज गरिन् । "होइन । मै मूर्खले गरेको थिएँ ।" उसले हार स्वीकार गर्‍यो । "कम से कम तिमी के हौ भन्ने त थाहा भयो तिमीलाई ।" उनले मौका पाएर हिर्काइहालिन् । "के रे ? के हुँ म ?" हिर्काइले रनफनिन्दै भन्यो उसले । "तिमीले आफ्नै मुखले भनेको हैन अहिले ?" उनले फेरि त्यही ठाउँमा प्रहार गरिन् । "के भनेँ र मैले ?" उसले प्रहार छल्ने प्रयास गर्‍यो । "तिमीलाई थाहा छ त्यो !", उनले फेरि त्यही ठाउँमा नमिठो गरी हिर्काइन् । "भए पनि म तिम्रै सुन्दर मुखबाट सुन्न चाहन्छु । भन ।

भनिदेऊ न कि म, तिम्रो श्रीमान्, मूर्ख छु ।" श्रीमतीको प्रहार फर्काउन नसकेकाले असहाय हुँदै उसले भन्यो । "मैले कहाँ भने र ?" उनले निर्दोषता देखाइन् । "तर तिमी भन्न चाहन्थ्यौ, होइन ?" ऊ रिसमा डढ्न थालेको थियो । "मलाई केही चाहिएको छैन । मेरो कुन चाहिँ चाहना यस घरमा पूरा भएको छ र ? म त १५ वर्षदेखि यस घरकी नोकर्नी भएर बसेकी छु ।" उनले भनिन् । "तिमी ? नोकर्नी ? १५ वर्षदेखि म यस घरकी मल्किनीको दास भएको हो । मैले तिमी र यस घरका लागि १५ वर्षदेखि आफ्नो रगत-पसिना बगाउँदै आएको छु । कुरा गर्छे !" उसले जस्तालाई त्यस्तै जवाफ फर्कायो । "हो, तिमी नोकर भएर बस्यौ र मैले सधैं तिम्रो भात पकाउने, तिम्रो लुगा धुने, तिम्रा दुईवटा छोराछोरीको स्याहार सुसार गर्ने आनन्द लिएँ, होइन ? एक पलको विश्राम मैले यो घरमा कहिल्यै पाइनँ । कुरा गर्छ !" "मैले यो आइमाइका लागि आफ्नो घर परिवार छोडेँ जसको पुरस्कार यस रूपमा आज पाउँदै छु । आमाले ठीक भन्नुभएको थियो । उहाँको कुरामा मैले ध्यान दिनुपर्थ्यो ।" उसले आफैँसँग कुरा गरेजस्तो गरी भन्यो । "किन सुनेन त आमाको कुरा, बुढी आमैको बाछोले ?" उनले उसको खोप्टो परेको घाउलाई खोस्रिदिइन् । "आफ्नो त्यो चोथाले मुख बन्द गर । मेरी आमा तिम्री आमा जस्ती हैन – सबैमाथि हैकम चलाउने ।" उसले पनि प्रहार गर्‍यो । "के भन्यौ तिमीले मेरी आमालाई ?" उनले च्यालेन्ज गरिन् । "मैले जे भनेँ तिमीले सुनिसक्यौ ।" उसले केहीछिन अगाडि प्रयोग गरेको उनैको प्रविधि प्रयोग गर्‍यो । "मैले के सुनेँ रे ?" "त्यो तिमीलाई थाहा छ ।" "भएपनि म तिम्रो ठुलो मुखबाट सुन्न चाहन्छु । भन, भनिदेऊ न कि मेरी आमा छुच्ची हो ।" "मैले भनिनँ त्यो ।" "तर भन्न त चाहन्थ्यौ, होइन र ?" "हे भगवान ! म तिमीसँग कुरै गर्न चाहँदिनँ । एकछिनको लागि त शान्ति देऊ मलाई । चुप लाग !" दुवै खेलाडी थाकिसकेका थिए । सधैँझैं आज पनि विवाद बिहान शुरु भएको थियो । प्रश्न थियो कसले पहिले ओछ्यान छाड्ने र खाजा तयार पार्ने । काम गर्ने धाइ बेलुकी मात्र आउँथिन्, त्यसैले दुईजनामा एकले त खाजा पकाउनैपर्ने थियो । श्रीमान् अर्थात विपिनको अफिस बस नौबजे उसलाई पिकअप गर्न आउँथ्यो र श्रीमती अर्थात् कमलाको स्कुल बस उनलाई लिन सवा नौमा आउँथ्यो । र अहिले साढे आठ बजिसकेको थियो । अन्ततः जस्तो एउटा नेपाली परिवारमा हुन्छ त्यस्तै श्रीमती उठेर किचेनतर्फ लागिन् । तर पतिलाई कस्तो लाग्यो भने उसकै घरमा उसको कुनै इज्जत छैन । विवादले रिसलाई निम्ताउँछ र रिसले विवेकलाई खाइदिन्छ । रिसले मुर्मिरिँदै श्रीमान् उठेर अफिस जाने तरखर गर्न थाले । श्रीमतीजी श्रीमानको मुड साह्रै बिग्रेको देखेर चुप लागिन् । हुन त दुवैजनामा यस्ता ठाकठुक परिरहन्थ्यो तर आज अलिकति बढी भयो क्यारे । बाथरुमबाट निस्केर लुगा लाएर, ब्याग हातमा लिएर ऊ बाहिर निस्किन तयार भयो । "कफी तयार छ", कमलाले किचेनबाट सुन्नेगरी अलिक ठुलो स्वरमा भनिन्, "सेन्डविच पनि पाँच मिनेटमा तयार भइहाल्छ ।" "तिम्रो सेन्डविच तिमी आफैं खाऊ", उसले पनि किचेनमा सुन्नेगरी ठुलो स्वरमा भन्यो, "एक दिन खाजा नखाएर कोही मर्दैन ।" "हुन्छ आफैं खाउँला । कसैले नखाए के हुन्छ ?", उनले पनि रिसको झोँकमा भनिन् । जवाफमा विपिन कोठाबाट हुरिंन्दै बाहिर निस्क्यो र कमलाले पनि ढोकालाई भएभरको बलले घड्याक्क बन्द गरिन् । विपिनलाई अफिसमा मन लागेन । सम्झिरहे कसरी कमला उसका लागि हातमा कफीको कप लिएर उभिराखेकी थिइन् र कसरी ऊ नदेखेझैँ गरी हिँडिदिएको थियो । उसले नै खाजा बनाए पनि त हुन्थ्यो नि ! उसले अफिसमा काम गर्छ भने उनी पनि त दिनभरि स्कुलमा पढाउँछिन् । उनी पनि त थाकेकी हुन्छिन् । दुवैजनाले मिलेर पकाउँदा पनि त हुन्थ्यो होला नि ! कमला पनि खुसी हुन्थिन् । उसले खाना पकाउन र गल्ती गर्दा, कमला कसरी हाँसेर उसको गल्ती सच्चाउँथिन् – रिसाएझैँ गरेर भन्थिन्, "हट उता ! तिमीले सघाउनुभन्दा त नसघाउनु नै बेस । सारा काम मैले फेरि गर्नुपर्छ ।" भन्न त भन्थिन् तर पति किचेनमा सँगै उभिएको हुँदा उनका आँखा हाँसिरहेका हुन्थे । विपिनलाई पछुतो भयो । उसमा र एउटा अशिक्षित पतिमा के फरक छ त ! उसले यसो गर्नु हुँदैनथ्यो । बेलुकी घर फर्केपछि ऊ कमलालाई सरी भन्ने छ । उसलाई लिएर खाना खान बाहिर गुड लक रेस्टोरेन्ट जानेछ । सँगै बाहिर नगएको पनि कत्ति भइसक्यो । कमलालाई गुड लकको रोस्टेड पेकिङ्ग डक खुब मनपर्छ । सुनेर कति खुसी होलिन् – उनको हँसिलो मुहारको कल्पना गर्दा विपिन आफैँ पनि मुस्काए र उसको मन हल्लुङ्गो भयो । यता विपिन गएपछि कमला एकछिन कफीको कप हातमा लिएर त्यसै उभिरहिन् । पति भोकै अफिस गएकाले कताकता उसको मुटु दुख्यो । उसले त्यति सारो नभन्नुपर्ने थियो । विपिनले पनि बेला बेला खाजा बनाएकै छ दुवैजनाका लागि । हुनसक्छ आज उसको मन ठीक थिएन होला, त्यसैले उसलाई नै पटक पटक खाजा बनाउन भनेको हो कि ! गल्ती भइगयो । भरे बेलुकी विपिनको मनपर्ने खाना पकाउँछु भनेर उनले अठोट गरिन् । उनले आज स्कुल नजाने निर्णय गरिन् र फोन गरेर नआउने प्रबन्ध मिलाइन् । विपिनलाई मटर पनीर असाध्यै मनपर्छ । फ्रिज खोलेर चेक गरिन् । रहेनछ । बजार गएर किनेर ल्याइन् ।

एकछिन ठुलो सिसामा आफ्नो अनुहार हेरिन् र घरको सरसफाइमा लागिन् । एक बज्यो । एक कप कफी खाने विचार गरिन् । उता अफिसमा लञ्च आवर भयो । विपिन पनि क्यान्टिन जानलाई कुर्सीबाट उठ्यो तर उठ्न नसकेर भुइँमा लड्यो । सारा अफिस हल्लिन थाले । चारैतिर अफरातफरी । कुनाको ठुलो दराज गड्याङ्ग गर्दै ढल्यो र त्यसभित्रका फाइलहरू छताछुल्ल भए । झ्यालहरू भर्याक भुरुक गर्दै खुल्न र बन्द हुन थाले । महिला कर्मचारीहरू आत्तिएर चिच्याएको सुनियो । जमिन यसरी हल्लिराखेको थियो कि विपिन रक्सीले मातेको मान्छेझैँ गर्दै उठ्यो र गएर अफिसको ढोकामुनि उभियो । कोही कराउँदै भागेर कोठा बाहिर निस्के, कोही त्यहीँ भुइँमा लडे । अफिसका सबैभन्दा सिनिएर हाकिम पोखेल म्याडम आफ्नो ठुलो टेबलको मुनि छिर्नुभयो तर शरीर पूरै छिर्न नसक्दा उहाँको विशाल नितम्ब बाहिरै देखियो । विपिनले हतार हतार त्यताबाट अफ्नो नजर अर्कैतर्फ सार्‍यो । एकतले अफिसलाई त केही भएन तर सामुन्ने रोडपारिको आठतले भवन उसको आँखै अगाडि तासको घर जस्तो गर्ल्याम गुर्लुम गर्दै लड्यो जसको धुलो उसको नजिकसम्म आइपुग्यो ।

दिमागले काम गर्न थालेपछि भुइँचालो आएको भन्ने बुझ्यो उसले । पहिलो विचार उसको दिमागमा कमलाको आयो । उसले फोन गर्‍यो तर लागेन । अफिसमा सबै फोन गरिराखेका थिए तर कसैको पनि लागिरहेको थिएन । बिस्तारै जमिन हल्लिन बन्द भयो । विपिनले आफ्नो ब्याग उठायो र अफिसबाट बाहिर निस्क्यो । बसबाट निस्केर ऊ आफू बसेको घरको अगाडि पुग्दा त्यहाँ केही थिएन । त्यो चारतले घरको ठाउँमा सिमेन्ट, इँट, छड, काठको थुप्रो थियो । ऊ विक्षिप्त भइ दगुर्दै त्यहाँ पुग्दा प्रहरी र रेसक्यु पार्टीका युवाहरूले उसलाई रोकिदिए । "प्लीज मलाई जान देऊ । मेरी श्रीमती भित्र छिन्", उसले रुँदै भने तर स्वयंसेवकहरूले जान दिएनन् । "त्यहाँ जान खतरा छ । बिल्डिङको बचेको भाग ढल्न सक्छ । हामी जे गर्नुपर्ने हो गर्दैछौँ । केही भेटियो भने हामी तपाईंलाई बोलाउँछौँ ।" ज्ञान हराएको मान्छेझैँ विपिन त्यहीँ बसिरह्यो इँटको थुप्रोमाथि । झण्डै एक घण्टापछि एक जनाले आएर भन्यो, "विपिनजी, आउनुस् ।" स्वयंसेवकहरूले खन्दा पाएका थिए एउटा हात जो शरीरबाट काटिएर उच्छिटिएको थियो । एउटा नारीको हात जसले कफी कप समातिराखेको थियो, र हातको औँलामा सुनको औँठी सूर्यको प्रकाशमा टल्किरहेको थियो । विपिनले चिन्यो यो त्यही औँठी थियो जो उसले कमलालाई अस्ति मात्रै उनको बिहेको पन्ध्रौँ वर्षगाँठमा दिएको थियो ।

*-साहित्यपोस्ट डटकम*

# काँग्रेस महाधिवेशनको तयारी अन्तिम चरणमा



**पाल्पा,** पुस २५/नेपाली काँग्रेसको विशेष महाधिवशेनको तयारी अन्तिम चरणमा पुगेको छ । पुस २७ र २८ गते भृकुटीमण्डपमा हुन लागेको महाधिवेशनको तयारी अन्तिम चरणमा पुगेको विशेष महाधिवेशन पक्षधरले जनाएका छन् ।

उद्‌रुघाटन समारोहमा विभिन्न ६ स्थानबाट र्‍यालीसहित नेता तथा कार्यकर्ता महाधिवेशनस्थल भृकुटीमण्डपमा पुग्ने जनाएको छ । कांग्रेस विशेष महाधिवेशनका सन्दर्भमा गठन भएको जनपरिचालन एवं जुलुस व्यवस्थापन समितिले शुक्रबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै विभिन्न ६ स्थानमा भेला भएर नेता तथा कार्यकता र्‍यालीसहित महाधिवेशनस्थल भृकुटीमण्डपमा पुग्ने जनाएको हो । सुन्धरा, रत्नपार्क, बागबजार, पद्मोदय मोड, कमलपोखरी र कुपण्डोलबाट र्‍याली आयोजना गरिने जनाइएकमो छ । विशेष महाधिवेशनका लागि जनपरिचालनको सम्पूर्ण तयारी पूरा भएको छ । उद्‌रुघाटन सत्रमा पार्टीका सभापतिलगायतका नेताहरू उपस्थित हुने जनाइएको छ । विशेष महाधिवेशनका लागि गठन गरिएको अन्य समितिहरूले पनि आफ्नो तयारी अन्तिम चरणमा पुऱ्याएका छन् । आयोजकका अनुसार विशेष महाधिवेशनको सन्देश पार्टी कार्यकर्ता र आमनागरिकसम्म पुऱ्याउने अपेक्षा गरिएको छ । यसैगरी महाधिवेशनमा सहभागिताका लागि देशभरका जिल्लाबाट कांग्रेस कार्यकर्ता तथा शुभेच्छुकहरू काठमाडौं पुग्ने क्रम सुरु भएको आयोजक समितिको भनाइ छ । कांग्रेसभित्र संस्थापन पक्षको असहमतिका बीच हुन लागेको यो विशेष महाधिवेशनलाई चासोका साथ हेरिएको छ ।

## विशेष महाधिवेशनमा भाग...

..."यो विशेष महाधिवेशन केवल औपचारिक जमघट नभई पार्टीलाई वैचारिक स्पष्टता, सांगठनिक सुदृढता र जनविश्वासको पुन:स्थापनातर्फ अघि बढाउने ऐतिहासिक अवसर हो । जनतामा बढ्दो राजनीतिक नैराश्यतालाई आशा र विश्वासमा रूपान्तरण गर्दै नेपाली कांग्रेसलाई समयसापेक्ष, युवा-मैत्री र जनमुखी बनाउने संकल्प यस महाधिवेशनको मूल उद्देश्य हो भन्ने हाम्रो बुझाइ छ । सर्वप्रथम गौरवशाली नेपाली कांग्रेस पार्टी भएकाले मात्र पार्टीको विधान बमोजिम पार्टी भित्र विशेष महाधिवेशनको अपिल गर्ने अवसर प्राप्त भएकाले पार्टी फुटाल्ने र फुट्ने जोखिमबाट हामी सचेत छौं, हुनुपर्छ" विज्ञप्तिमा भनिएको छ । काँग्रेस पाल्पाले महाधिवेशनमा भाग लिन सबैलाई आग्रह गर्दै महाधिवेशनमा नीतिगत निर्णय र संकल्प प्रस्ताव सम्बन्धी विशेष अपिल गर्ने समेत जनाएको छ । उसले महाधिवेशनमार्फत महत्वपूर्ण नीतिगत संकल्प प्रस्तावहरू पेस गरी पारित गर्न आग्रह गर्ने जनाएको छ । काँग्रेस पाल्पाले चुनावी गठबन्धन नगर्ने स्पष्ट नीति लिएको छ । नेपाली काँग्रेसको आफ्नै विचार, संगठन र शक्तिमाथि विश्वास गर्दै आगामी निर्वाचनमा कुनै पनि दलसँग चुनावी गठबन्धन नगरी एक्लै प्रतिस्पर्धा गर्ने नीतिगत निर्णय गर्ने, निर्वाचन पश्चात् संविधान संशोधनको लागि महत्वपूर्ण भुमिका निर्वाह गर्ने: संविधानको रक्षा गर्दै आवश्यक संशोधन र परिमार्जनका विषयहरू आगामी निर्वाचन सम्पन्न भएपछि जननिर्वाचित प्रतिनिधिमार्फत अघि बढाउने स्पष्ट कार्यदिशा तय गर्ने पार्टीभित्र आन्तरिक लोकतन्त्रलाई मजबुत बनाउन विधानले तोकेको समयमै नियमित महाधिवेशन अनिवार्य रूपमा हुने व्यवस्था सुनिश्चित गर्ने पाल्पा काँग्रेसले नीतिगत संकल्प अगाडि सारेको छ । यस्तै उसले जनतामा व्याप्त नैराश्यतालाई चिर्दै आगामी निर्वाचनमा शत्रुतापूर्ण व्यवहारलाई अन्त्य गर्दै मित्रवत प्रतिस्पर्धा र आर्थिक मितव्ययिता सहित निर्वाचनमा प्रतिस्पर्धाको संस्कार विकास गर्ने , पार्टीलाई वर्तमान र भविष्यसँग जोड्न जेन-जी पुस्ताको भावना, सोच र ऊर्जालाई आत्मसात गर्दै नीति निर्माण, नेतृत्व विकास र निर्णय प्रक्रियामा युवाहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने, पार्टी अधिवेशनमा वडा, पालिका, प्रदेश सभा र क्षेत्रस्तरमा प्रतिनिधि मुखी अधिवेशनको अभ्यास अन्त्य गर्दै, तहगत संरचनात्मक संगठनलाई सशक्त बनाउने। सोही अनुरूप तहगत संरचनाका पदाधिकारीहरू क्षेत्रीय प्रतिनिधि, महाधिवेशन प्रतिनिधि र महासमितिहरूमध्येबाट छनोट हुने व्यवस्था र तहगत संरचनाको वार्षिक सिनेटर बैठक बस्ने व्यवस्था पार्टी विधानमै सुनिश्चित गरी नेतृत्व विकासमा प्रेरणा र संस्थागत स्थायित्व प्रदान गर्ने लगायतका संकल्पहरु महाधिवेशनमा पारित गर्न पहल गर्ने गरी अगाडि सारेको छ ।

पार्टीको नीतिगत दिशा, संगठनात्मक संरचना र भावी नेतृत्व निर्माण गर्ने यो ऐतिहासिक विशेष महाधिवेशनमा पाल्पा जिल्लाबाट निर्वाचित सम्पूर्ण महाधिवेशन प्रतिनिधिज्यूहरूको सक्रिय, जिम्मेवार र नेतृत्वदायी सहभागिता अत्यन्त आवश्यक रहेको छ । यद्यपि पौष २७ र २८ गते काठमाडौंको भृकुटीमण्डपमा आयोजना हुन गइरहेको "ऐतिहासिक दोस्रो विशेष महाधिवेशन "मा पाल्पाको गरिमामय उपस्थितिले यस महाधिवेशनलाई अझ अर्थपूर्ण, सशक्त र ऐतिहासिक बनाउनेछ भन्नेमा हामी पूर्ण विश्वस्त रहँदै सक्रिय सहभागिताको लागि हार्दिक अपिल गर्दछौं ।

### खेलकुद समाचार

## फ्रेन्च सुपर कपको उपाधि पीएसजीलाई




**काठमाडौं,** पुस २५/पेरिस सेन्ट जर्मेन (पीएसजी) ले फ्रेन्च सुपर कप जितेको छ । कुवेतमा पीएसजीले मार्सेइविरुद्ध इन्जुरी टाइममा बराबरी गोल फर्काउँदै पेनाल्टी सुटआउटपछि मार्सेईलाई हराउँदै लगातार चौथोपटक उपाधि जितेको छ । २-२ को बराबरीपछि पेनाल्टी सुटआउटमा पीएसजी ४-१ ले विजयी भएको हो । च्याम्पियन्स लिग विजेता पीएसजीले खेलको १३औं मिनेटमा उस्मान डेम्बेलेको गोलमार्फत अग्रता लियो । खेलको अन्तिम समयमा मार्सेईलेका मेसन ग्रिनवुडले पेनाल्टीमार्फत बराबरी गोल गरे । निर्धारित समय सकिन ३ मिनेट बाँकी रहँदा विलियन पाचोले आत्मघाती गोल गर्दा मार्सेई अग्रता लिएको थियो । तर इन्जुरी समयको पाँचौं मिनेटमा गोन्सालो रामोसले बराबरी गोल गर्दै खेललाई पेनाल्टी सुटआउटमा पुर्‍याए । पेनाल्टीमा पीएसजीका गोलकिपर लुकास चेभालिएर म्याट ओराइली र हामेद त्राओरेका पेनाल्टी बचाए । पीएसजीका तर्फबाट रामोस, भिटिन्हा, नुनो मेन्डेस र डेजिरे डोउएले पेनाल्टी गोल गरेपछि पीएसजी ४-१ ले विजयी भयो ।


वर्गिकृत डिस्प्ले

*१X५ साइजमा मात्र*

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


### अर्थ/कर्पोरेट समाचार

## माछापुच्छ्रेको स्मार्ट कर्जा सेवा क्यूआर व्यापारीसम्म



**पाल्पा,** पुस २५/माछापुच्छ्रे बैंकले एमबीएल स्मार्ट लोन सेवा अब क्यूआर व्यापारीसम्म पुऱ्याएको छ । स्वरोजगार तथा साना र मझौला एकल स्वामित्वका व्यवसायलाई सहयोग गर्ने आफ्नो प्रतिबद्धता कायम राख्दै बैंकले यो सेवा सुरु गरेको हो ।

बैंकका अनुसार विभिन्न नेटवर्कमा आबद्ध क्यूआर मर्चेन्टहरूलाई लक्षित गर्दै क्यूआर मर्चेन्ट-एमबीएल स्मार्ट लोन सेवाको सुरुवात गरिएको छ । बैंकले डिजिटल बैंकिङको क्षेत्रमा नवीनतम प्रविधि सञ्चालन गरी आफ्ना ग्राहकहरूलाई छिटो छरितो र प्रभावकारी वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ । बैंकले क्यूआर मर्चेन्टहरूको वित्तीय आवश्यकतालाई मध्यनजर गरी उक्त कर्जा सेवा सञ्चालनमा ल्याएको जानकारी दिएको छ । यस सेवामार्फत स्वरोजगार तथा साना र मझौला एकल स्वामित्वका व्यवसायले बिना धितो सहज र सरल तरिकाले एमबीएल एम-स्मार्ट एपमार्फत नै कर्जा सुविधा प्राप्त गर्नेछन् । डिजिटल माध्यमबाटै कर्जा स्वीकृति हुने भएकाले समयको बचत हुनुका साथै सेवा प्राप्ति अझ सहज र पारदर्शी हुने बैंकले विश्वास लिएको छ ।


विज्ञापन व्यवसाय सञ्चालन गर्दा ध्यान दिऔं।

-विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं।

-विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं।

-विज्ञापन सम्बन्धी कुनै गुनासो भए विज्ञापन बोर्डमा उजुरी गरौं।

-विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच द्विपक्षीय तथा त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं।

-सञ्चारमाध्यमबाट जारी बीजकको आधारमा एजेन्सीको शुल्क खुलेको बिलबाट मात्र विज्ञापनको रकम भुक्तानी गरौं ।

-सरकारी निकाय तथा कार्यालयले विज्ञापनको रकम भुक्तानी गर्दा तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं।

विज्ञापन व्यवसायलाई मर्यादीत तथा पारदर्शी बनाऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी .कम

www.shittalpati.com

डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई